**बेलबारी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

१ नं. प्रदेश, नेपाल

**स्थानीय पूर्वाधार उपयोग सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

दोश्रो पटक प्रकाशित मितिः २०७७/०७/१८

तपशिल उल्लेखित स्थानीय पूर्वाधार सडकमा आर्थिक वर्ष २०७७/०७८ को लागि पूर्वाधार उपयोग सेवा शुल्क अशुलीको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुले तपशिल बमोजिमको शर्तको अधिनमा रहि प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयवाट दरभाउपत्र फारम तोकिएको दस्तुर बुझाइ (पछि फिर्ता नहुने) खरिद गरि १६ औ दिन दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न आफुले कबोल गरेको एकमुष्ठ ठेक्का रकम अंक र अक्षरमा खुलाई गोप्य शिलवन्दी दरभाउपत्र आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | स्थानीय पूर्वाधार उपयोग सडकको नाम | न्युनतम ठेक्का अङ्क रु. (मू.अ.कर सहित) | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|
| १ | सिसौवारी फडानी भलुवा लोहन्द्रा खोला बेलबारी सडक | १५,००,०००/- (पन्ध्र लाख) | १,०००/- |

**ठेक्का सम्बन्धि आवश्यक शर्तहरु**

1. माथि उल्लेखित ठेक्काबाट करदस्तुर असुल गर्दा बेलबारी नगरपालिकाले तोकिएको दरमा मात्र असुल गर्नु पर्नेछ ।
2. कर असुली दररेट एवं ठेक्कापट्टाको शर्तहरु दरभाउपत्र साथ उपलब्ध गराईनेछ ।
3. कर असुली संकलनको समयावधि ठेक्का संझौता भएको मिति देखि २०७८ असाढ मसान्त सम्मको लागि मात्र हुनेछ ।
4. दरभाउपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको किसिम, पेश गरेको कार्यालयको नाम तथा पेशकर्ताको नाम र सम्पर्क नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
5. सिलबन्दी दरभाउपत्रमा फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र, अघिल्लो आ.व.को करचुक्ता र नवीकरणको प्रमाणपत्र, स्वघोषण पत्र, अख्तियारीनामा अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ । दरभाउपत्र पेश गर्दा धरौटी वापतको रकम आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम बेलबारी नगरपालिकाको नाममा रहेको रा.बा. बैंक बेलबारीको हि.नं. २४३०१००३०३००००००२ धरौटी खातामा जम्मा गरि सोको सक्कल भौचर पेश गर्नु पर्नेछ र नगदलाई मान्य दिईने छैन ।
6. दरभाउपत्रदाताले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
7. दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन दरभाउपत्र दाखिला गरि खोलिनेछ ।
8. दरभाउपत्रदाताले कबोल गरेको ठेक्का रकम अग्रिम रुपमा एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिइनेछ । यदि किस्तामा बुझाउनेको हकमा ठेक्का अंक बराबरको ठेक्का अवधिसम्म मान्यअवधी रहेको "क" वर्गको बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
9. दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरि सक्नु पर्नेछ । उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडी बढाईनेछ ।
10. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर फर्म वा कम्पनी स्वयंले ब्यहोर्नु पर्नेछ । फर्म वा कम्पनीले मू.अ.कर सहितको ठेक्का रकम यस कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

11. दरभाउपत्रदाताले नेपाल सरकार तथा बेलबारी नगरपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस न.पा. र फर्म वा कम्पनी बीच ठेक्काको विषयमा विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।
12. बेलबारी नगरपालिकालाई बुझाउनु पर्ने रकम बाँकी बक्यौता भएका फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गरिने छैन ।
13. दरभाउपत्रदाताले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता प्रमाण पत्र पेश गरि बेलबारी नगरपालिकाबाट कर असुलीमा प्रयोग भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिईनेछ ।
14. ठेक्का कबोल गर्ने दरभाउपत्रदाताले बेलबारी नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफैले छपाई रसिदहरु नगरपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियमानुसार कारवाही गरिनेछ ।
15. बन्द हड्ताल जस्ता मानव श्रृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।
16. कुनै फर्न्म वा कम्पनीको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्म वा कम्पनीको नाममा दाखिला गर्न पाईने छैन ।
17. यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सबै दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।
18. कर असुलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ वोर्ड ठेक्का कबोल गर्नेले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरि अनिवार्य रुपमा राखु पर्नेछ ।
19. कुनै शर्त सहितको हुलाक वा ईमेलबाट पेश भएको दरभाउपत्र स्वीकृत हुने छैन र कुनै एक ठाउँमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहा गरिने छैन ।
20. स्थानीय तहले तोकेको दर भन्दा बढी रकम असुल गरेमा वा सम्झौतामा उल्लेख भए बाहेकका मालबस्तुमा कर सेवा शुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो हुने गरि कर लिएमा त्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टा गरि सम्बन्धित पक्षलाई उपलब्ध गराईनेछ । ठेक्का सम्बन्धि सम्पूर्ण काम कारवाही सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ बमोजिम हुनेछ ।
21. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत